# सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६

**<u>प्रस्तावना:</u>** सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण,पुनर्स्थापना,मनोविमर्श,सामाजिकीकरण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण, पालन पोषण, स्याहार सुसार, शिक्षादीक्षा, सीप तथा क्षमता विकास अभिवृद्धि स्वरोजगार तालीम,पारिवारिक आर्थिक विकास सहयोग, सडकमा बस्न रोकथाम तथा सचेतनासम्बन्धी कार्यक्रम सम्बन्धित स्थानीय तह, प्रदेश र संघ तथा तीनै तहमा रहेकासम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्था बीचको समन्वय, सहयोग, सहकार्य र सह-अस्तित्वमा सञ्चालन गर्न,कुनै पनि बालबालिकालाई सडकमा बस्न नहुने वातावरण सिर्जना गर्न, सडक बालबालिकाको संरक्षण तथा अधिकार प्रवर्धन कार्यलाई समन्वयात्मक र एकीकृत रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नवाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१)को अधिकार प्रयोग गरी महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले **सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६**स्वीकृतगरेकोछ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**(१) यस कार्यविधिको नाम “सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६”रहनेछ।

(२) यो कार्यविधि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएकोमितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “मन्त्रालय”भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ख) “परिषद्”भन्नालेबालबालिकासम्बन्धीऐन, २०७५को दफा ५९ बमोजिम रहेको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(ग) “स्थानीय तह”भन्नालेमहानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

(घ) “कार्यक्रम”भन्नालेसडकबालबालिका मुक्त सडक बनाउनसडकबालबालिकाकोपहिचान, उद्धार, संरक्षण, पुनर्स्थापना,मनोविमर्श, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण, सामाजिक पुनर्स्थापना, पालन पोषण, स्याहार सुसार, शिक्षादीक्षा, सीप तथा क्षमता विकास अभिवृद्धि स्वरोजगार तालीम, पारिवारिक आर्थिक विकास सहयोग,रोकथाम तथा सचेतना अभिवृद्धिसहित सडक बालबालिकाको हक हितका निम्तिसम्बन्धित तीनै तहका सरकार,सरोकारवाला निकाय तथा संघ संस्थाकोसमन्वय, सहयोग,सहकार्य र सह-अस्तित्वमा सञ्चालन गरिनेसडक बालबालिका सम्बन्धीकार्यक्रम सम्झनु पर्छ ।

(ङ) “अस्थायी संरक्षण सेवा केन्द्र”भन्नालेबालबालिकासम्बन्धीऐन, २०७५ को दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवाको प्रबन्धसम्झनु पर्छ ।

(च) “सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र” भन्नाले अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन मापदण्ड बमोजिम सडक बालबालिकाको लागिसञ्चालित सेवा केन्द्र सम्झनु पर्छ ।

(छ) “सडक बालबालिका सामाजिकीकरण केन्द्र” भन्नालेसडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रको सेवा अवधि पश्चात बालबालिकाको जीवनमा सुधार गरी थप सामान्य जीवनयापन गर्न सक्ने अवस्थामा पुऱ्याउनअस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन मापदण्ड बमोजिम सञ्चालित सामाजीकिकरणकेन्द्र सम्झनु पर्छ ।

(ज) "बालबालिका”भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(झ) “राष्ट्रिय समन्वयसमिति”भन्नालेदफा८बमोजिमको सडकबालबालिका उद्धार,संरक्षणतथाव्यवस्थापनराष्ट्रियसमन्वयसमितिसम्झनुपर्छ।

(ञ) “प्रदेश समन्वयसमिति”भन्नालेदफा११बमोजिमको सडकबालबालिका उद्धार,संरक्षणतथाव्यवस्थापन प्रदेश समन्वयसमितिसम्झनुपर्छ।

(ट) “स्थानीय समन्वयसमिति”भन्नालेदफा१४बमोजिमको सडकबालबालिका उद्धार,संरक्षणतथाव्यवस्थापन स्थानीय समन्वयसमितिसम्झनुपर्छ।

(ठ) “सचिवालय”भन्नाले यस दफाको खण्ड (झ), (ञ) र (ट) बमोजिमको राष्ट्रिय, प्रदेश र स्थानीय समन्वय समितिको सम्बन्धित सचिवालय सम्झनु पर्छ ।

(ड) “बालकल्याणअधिकारी”भन्नालेबालबालिकासम्बन्धीऐन, २०७५ को दफा ६१(१) बमोजिम नियुक्त वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ढ) “नगरप्रहरी”भन्नालेसम्बन्धितमहानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकालेनियुक्त गरेका स्थानीय तहका नगर सुरक्षाकर्मी सम्झनुपर्छ ।

(ण) “सडकबालबालिका”भन्नालेविभिन्न घटना तथा परिस्थितिका कारण बाबुआमा, परिवारका अन्य सदस्य, अभिभावक र संरक्षकको संरक्षकत्व बिना जीवननिर्वाहकालागिपूर्ण वा आंशिक रूपमा सडकमाआश्रितभएका बालबालिकासम्झनुपर्छ ।

(त) “सेवा प्रदायकसंघसंस्था”भन्नालेप्रचलितकानूनबमोजिमस्थापनाभैसडकबालबालिकाकोक्षेत्रमाकामगर्ने गैरसरकारी संघ संस्था,बालगृह, अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र, पुनर्स्थापना केन्द्रलगायत सम्झनु पर्छ।

(थ) “सरोकारवाला निकाय तथा संघ संस्था”भन्नालेदफा १७ तथा अनुसूची -१ देखि -५सम्म उल्लेख गरिएका जिम्मेवार तथा सहयोगी निकाय रसेवा प्रदायक संघ संस्थासम्झनु पर्छ ।

(द) “जिम्मेवार निकाय र संघ संस्था”भन्नालेदफा १८ मा उल्लेख गरिएका र दफा १९, २०, २१, २२, २३, २४ तथा २५ बमोजिमको भूमिका भएका निकायलाई जिम्मेवार निकाय र दफा २६ बमोजिमको भूमिका भएका सेवा प्रदायक संघ संस्थालाई जिम्मेवार संघ संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## <u>उद्देश्य,लक्ष्य,सिद्धान्त, रणनीति,सञ्चालन तथा प्रवाह गरिने कार्य तथा सेवाहरू</u>

३. **<u>उद्देश्यः</u>**सडक बालबालिकाको जीवनमा सुधार ल्याई सामान्यजीवन निर्वाह गर्न सक्ने सक्षम, सबल नागरिक बनाउनु तथाजीवनयापनको लागि बालबालिका सडकमा बस्न नपर्नेवातावरण सिर्जना गर्नु ।

४. **<u>लक्ष्यः</u>**सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन र रोकथाम भई सडक बालबालिकामुक्त सडक हुने।

५. **<u>सिद्धान्तः</u>**बालबालिका सडकमा बस्नु हुँदैन, सडकमा बस्नु पर्दैन भन्ने मान्यताका साथ देहाय बमोजिमका सिद्धान्त रहेका छन्:-

(क) बालसंरक्षण,

(ख) बाल विकास,

(ग) बालबालिकाको सर्वोत्तम हित,

(घ) गोपनीयता,

(ङ) बालमैत्री स्थानीय शासन अभिवृद्धि ।

६. **<u>रणनीतिः</u>**(१) तीनै तहका सरकारले सम्बन्धितसरोकारवाला निकाय तथा संघ संस्थासँगको समन्वय, सहयोग,सहकार्य र सह-अस्तित्वमा सडक बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरिनेछ ।

(२)सम्बन्धितसरोकारवाला निकाय तथा संघ संस्थाबीच एक आपसमा एक अर्कासँग परिपूरक हुने गरी एकीकृत र समन्वयात्मकरुपमा कार्यक्रमकार्यान्वयन गरिनेछ ।

(३)अधिकारमा आधारित भई कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(४)सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाको क्षमता अभिवृद्धिको लागि आवश्यक तालीम तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७. **<u>सडक बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सञ्चालन गर्नु पर्ने कार्यक्रम, कार्य तथा सेवा प्रवाहको वर्गीकरणः</u>** (१) सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागिदेहाय बमोजिका कार्यक्रम, कार्य तथा सेवाहरू सञ्चालन तथा प्रवाह गर्नु पर्नेछः-

(क) सडक बालबालिकाको क्षेत्रमा कार्यरत निकाय तथा संघ संस्थाको नक्शाङ्कन(संघ, प्रदेश र स्थानीय तहमा भएको क्षमता, जनशक्ति, सेवा सुविधा तथा उपलब्धताको प्रकार र आर्थिक स्रोत साधन व्यवस्थापन आदि),

(ख) सडक बालबालिका रहेकोस्थान पहिचान तथा संख्याको यकिन,

(ग) सम्बन्धित तह, निकाय तथा सेवा प्रदायक संघ संस्था बीच समन्वयात्मक जानकारी, सहजीकरण तथा अभिमूखीकरण,

(घ) बालबालिका सडकमा बस्न नपर्ने सम्बन्धी पूर्व जानकारी, सन्देश तथा सूचना प्रचार प्रसार, प्रसारण तथा प्रकाशन,

(ङ) सडक बालबालिकाको उद्धार, नाम दर्ता, वैयक्तिक विवरण तयार,

(च) उद्धार गरिएका सडक बालबालिकाको अवस्था तथा प्रकृतिको वर्गीकरण तथा प्रारम्भिक छनौट, स्वास्थ्य परीक्षण तथा उपचार र अस्थायी संरक्षण सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रसिफारिस,

(छ) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वालागू औषध उपचार तथा पुनर्स्थापना केन्द्र सेवासञ्चालन तथा व्यवस्थापन,

(ज) अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रको सेवा र बालबालिकाको अवस्थामा भएको सुधारको मूल्याङ्कन, पारिवारिक पुनर्मिलन, पुनस्थार्पना वा सामाजिकीकरण केन्द्र सिफारिस,

(झ) सडक बालबालिका सामाजिकीकरण केन्द्र सेवा सञ्चालन तथा व्यवस्थापन,

(ञ) सडक बालबालिका सामाजिकीकरण केन्द्रको सेवा र बालबालिकाको अवस्थामा भएको सुधारको मूल्याङ्कन, पारिवारिक पुनर्मिलन तथा पुनस्थार्पनाका लागि सिफारिस वा तालीम तथा सीप मूलक क्षमता अभिवृद्धिका लागि छनौट तथा सिफारिस,

(ट) पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण,

(ठ) सामाजिक तथा संस्थागत दीर्घकालीन पुनर्स्थापना,

(ड) रोजगार मूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालीम (स्वरोजगार बनाउनुका लागि)मा सहभागिता,

(ढ) पारिवारिक आर्थिक विकास सहयोग (आय-आर्जन अभिवृद्धि तथा स-साना व्यवसाय सञ्चालनका लागि),

(ण) रोजगारीका लागि सम्बन्धित निकाय तथा संघ संस्थामा समन्वय, सहजीकरण तथा सिफारिस,

(त) सडक बालबालिका उद्धार, संरक्षण तथा रोकथामका लागि सचेतना अभिवृद्धिमूलक सन्देश तथा सूचना प्रचार प्रसार, प्रसारण र प्रकाशन,

(थ) नियमित, वार्षिक तथा आवधिक अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण,

(द) समन्वय, सहकार्य, सहयोग, सहजीकरण र सह-अस्तित्व कायम,

(ध) प्रतिवेदन तयार, प्रकाशन तथा वितरण,

(न) मन्त्रालयले निर्धारण गरेका आवश्यक अन्य कार्य तथा सेवाहरू ।

(२) उपदफा (१) बमोजिम चरण बद्ध रूपमा सञ्चालन गरिने कार्यक्रम, कार्य तथा सेवाहरू आवश्यकताका आधारमा एकीकृत रूपमा सडक बालबालिकाको पहिचान तथा उद्धार गरी आवश्यक राहत, उपचार, संरक्षण, मनोविमर्श, कूलत छुटकरा, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत दीर्घकालीन पुनर्स्थापना, पालन पोषण, शिक्षादीक्षा, प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि स्वरोजगार तालीम, आय-आर्जन अभिवृद्धिका लागि पारिवारिक आर्थिक विकास सहयोग,जीवनयापनमा सुधार, सचेतना अभिवृद्धि, एक आपसमा तहगत/निकायगत/संस्थागत समन्वय,

सहकार्य, सहयोग, सहजीकरण र सह-अस्तित्व कायम गराई सडक बालबालिका मुक्त सडक अभियानलाई राष्ट्रिय रूपमा सफल हुने गरी तीनै तहका सरकार, जिम्मेवार निकाय तथासेवा प्रदायक संघ संस्थाबाट सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

## परिच्छेद-३
## राष्ट्रिय, प्रदेश र स्थानीयसमन्वय समिति तथा सचिवालय

८. **सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन राष्ट्रिय समन्वय समितिः** (१) सडक बालबालिका सम्बन्धी कार्य, सेवा र कार्यक्रम तर्जुमा, सञ्चालन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन एकीकृत रुपमा गर्न गराउन देहाय बमोजिमको एक सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन राष्ट्रिय समन्वय समिति रहनेछः-

(क) सचिव, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय -संयोजक

(ख) सह-सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय (बालबालिका हेर्ने) -सदस्य

(ग) उप-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (माध्यमिक शिक्षा हेर्ने) -सदस्य

(घ) उप-सचिव, स्वास्थ्य तथा जनसख्या मन्त्रालय (बाल स्वास्थ्य हेर्ने) -सदस्य

(ङ) उप-सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बाल श्रम हेर्ने) -सदस्य

(च) उप-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह हेर्ने) -सदस्य

(छ) प्रहरी नायब महानिरीक्षक, महिला, बालवालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय -सदस्य

(ज) प्रमुख, बालबालिका खोजतलास समन्वय केन्द्र -सदस्य

(झ) सामाजिक विकास महाशाखा प्रमुख काठमाडौं र ललितपुरमहानगरपालिका -सदस्य

(ञ) समितिले मनोनयन गरेका सडक बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था तथा सञ्जालको एक जना महिला प्रतिनिधि सहित दुईजना -सदस्य

(ट) प्रशासकीय प्रमुख, राष्ट्रिय बाल अधिकार परिषद् -सदस्य-सचिव

(२) राष्ट्रिय समन्वय समितिको बैठकमा प्रदेश सामाजिक मन्त्रालयका सचिव, उपत्यकाका प्रमुख जिल्ला अधिकारी, महानगरीय प्रहरी परिसर प्रमुख, अन्य स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत लगायतलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

(३) राष्ट्रिय समन्वय समितिको वैठक कम्तीमा तीन महिनाको एक पटक बस्नेछ ।

(४) राष्ट्रिय समन्वय समितिको बैठकको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशतलाई मानिनेछ ।

(५)सडक बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था वा सञ्जालबाट मनोनित हुने प्रतिनिधिलाई राष्ट्रिय समन्वय समितिले हरेक तीन वर्षमा मनोनयन गर्नु पर्नेछ ।

(६) बैठकको निर्णय संयोजक र सदस्य-सचिवबाट प्रमाणित गर्नु पर्नेछ ।

(७)बैठक सम्बन्धी अन्य कार्यविधि राष्ट्रिय समन्वय समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(८)राष्ट्रिय समन्वय समितिको सचिवालयपरिषद्मा रहनेछ

९. **<u>राष्ट्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकार:</u>**राष्ट्रिय रूपमा सडक बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न गराउनराष्ट्रिय समन्वय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संघीय राजधानी काठमाडौं उपत्यकाको हकमा प्रदेश नं. ३,प्रदेश सामाजिक विकास मन्त्रालयर सम्बन्धित स्थानीय तहको समन्वय र सहकार्यमा कार्यक्रमको नीतिगत व्यवस्था, वजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ख) काठमाडौं उपत्यका बाहेकको हकमाकार्यक्रमको नीतिगत व्यवस्था, कार्यान्वयन, तर्जुमा, अनुगमन र मूल्याङ्कनका लागि सम्बन्धितस्थानीय तह र प्रदेशसँग समन्वय तथा सहजीकरण गर्ने ।

(ग) कार्यक्रमको लक्ष्य प्राप्तिको निम्ति स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको विस्तृत कार्यान्वयन कार्ययोजना निर्माण गरी लागू गर्न तथा गराउन सम्बन्धित स्थानीय तह र प्रदेशसँग समन्वय तथा सहजीकरण गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनको अध्ययन गर्ने, आवधिक योजना र प्रगतिको समीक्षा गर्ने ।

(ङ) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको सिलसिलामा त्यस्ता बालबालिकालाई आवश्यतानुसार शिक्षा, स्वास्थ्य, उपचार,

दीर्घकालीन संरक्षण, तालीम, रोजगारी, सीप तथा क्षमता अभिवृद्धि आदिको व्यवस्था मिलाउने ।

(च) सचिवालय सञ्चालनको लागि आवश्यक हुने स्रोत साधनको व्यवस्था गर्ने र परिचालन गर्ने ।

१०. <u>**राष्ट्रिय समन्वय समितिसचिवालयको काम, कर्तव्य र अधिकारः**</u>राष्ट्रिय समन्वय समिति सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय समन्वय समितिको निर्णय र निर्देशन कार्यन्वयन गर्ने गराउने ।

(ख) यस कार्यविधि (विशेष गरी दफा ७) बमोजिमकाठमाडौं उपत्यकाको सडक बालबालिका सम्बन्धी कार्यहरू सञ्चालन गर्ने र अन्य प्रदेश र स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण गर्ने ।

(ग) सडक बालबालिकाका लागि उपलब्ध सेवा,सुविधा र क्षमताको मापन गरी सो बारेमा सम्बन्धित निकाय समेतलाई जानकारी गराउने ।

(घ) विशेष गरी राज्यबाट उपलब्ध हुन सक्ने स्रोत साधन परिचालन गरी सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने ।

(ङ) सरोकारवाला मन्त्रालय, निकाय,नेपाल प्रहरी, प्रदेश प्रहरी, स्थानीय तह र संघसंस्थाका बीच समन्वय तथा सहजीकरण गर्ने ।

(च) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको लागि संघ, प्रदेश तथा स्थानीय तहलाई प्राविधिक सहयोग तथा सहजीकरण गर्ने ।

(छ) सडक बालबालिकाको क्षेत्रमा कार्यरत निकाय तथा संघ संस्थाको क्षमता विकासमा सहयोग गरी गुणस्तरीय सेवा प्रवाहमा एकरुपता कायम गर्ने ।

(ज) विभिन्न निकाय, संघ संस्था र राज्यका सम्बधित सरोकारवालासँगसमेतसमन्वयगरीसडकबालबालिकासँगसम्बन्धितगतिविधिथपप्रभावकारीबनाउने।

(झ) सडक बालबालिका एकसंस्थाबाटअर्कोसंस्थामा सार्न तथा हस्तान्तरण गर्न वा अस्थायी संरक्षण सेवा केन्द्रबाट सामाजिकीकरण केन्द्र वा सामाजिकीरण केन्द्रबाट तालीममा पठाउन वा पारिवारिक पुनर्मिलन गर्न वा दीर्घकालीन संरक्षणका लागि बाल गृहमा पुनर्स्थापना गर्नसिफारिसगर्ने।

(ञ) सम्बन्धित प्रदेश र स्थानीय तह समेतको सहकार्यमा सडक बालबालिकासम्बन्धी राष्ट्रियतथ्याङ्क विवरण सङ्कलन गर्ने, एकीकृत गरी

अद्यावधिक गर्ने, विश्लेषण गर्ने, प्रतिवेदन तयार गर्ने र मन्त्रालयमा पेश गर्ने ।

(ट) सेवा प्रदायक संस्थाले मापदण्ड वा तोकिए बमोजिम कार्य गरे नगरेको, एक आपसमा सिफारिस गर्दा आइपरेका समस्या र सडक बालबालिकाको अवस्थामा सुधार भए नभएको र समग्र लक्ष्य अनुरुपको उपलब्धि तथा प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ठ) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको राष्ट्रिय अभिलेख राख्ने र अद्यावधिक गर्ने ।

(ड) सचिवालयमा प्राप्त स्रोत साधनलाई प्रभावकारी रूपमापरिचालन गर्ने ।

११. **सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन प्रदेश समन्वय समितिः**(१) प्रदेशभित्रका सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य, सेवा र कार्यक्रमसम्बन्धित स्थानीय तह र संघीय निकायसँगको समन्वय र सहकार्यमातर्जुमा, सञ्चालन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न गराउन प्रत्येक प्रदेशमा प्रदेश सामाजिक विकास मन्त्रालयको सचिवको संयोजकत्वमाएक सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन प्रदेश समन्वय समिति रहनेछ ।

(२) प्रदेश समन्वय समितिको सचिवालय प्रदेश सामाजिक विकास मन्त्रालयमा रहनेछ र बालबालिका हेर्ने महाशाखा प्रमुख सचिवालय प्रमुख हुनेछ ।

(३)प्रदेश समन्वय समितिमा रहने सदस्य र बैठक सम्बन्धी कार्यविधि प्रदेश सामाजिक विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **प्रदेशसमन्वय समितिको काम, कर्तव्य र अधिकारः**प्रदेशस्तरमा सडक बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न गराउन प्रदेश समन्वय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश राजधानीमा रहेका सडक बालबालिकाका हकमा सम्बन्धित स्थानीय तहको समन्वय र सहकार्यमा कार्यक्रमको नीतिगत व्यवस्था, वजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ख) प्रदेश राजधानी बाहेकको हकमा कार्यक्रमको नीतिगत व्यवस्था, कार्यान्वयन, तर्जुमा, अनुगमन र मूल्याङ्कनका लागि सम्बन्धित स्थानीय तह र संघसँग समन्वय तथा सहजीकरण गर्ने ।

(ग) प्रदेश स्तरमा सञ्चालन गरिने कार्यक्रमको लक्ष्य प्राप्तिको निम्ति स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको विस्तृत कार्यान्वयन कार्ययोजना निर्माण गरी

लागू गर्ने र लागू गराउन सम्बन्धित स्थानीय तह र संघसँग समन्वय, सहजीकरण तथा सहकार्य गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयन प्रतिवेदनको अध्ययन गर्ने, आवधिक योजना र प्रगतिको समीक्षा गर्ने ।

(ङ) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको सिलसिलामा त्यस्ता बालबालिकालाई आवश्यतानुसार शिक्षा, स्वास्थ्य, उपचार, दीर्घकालीन संरक्षण, तालीम, रोजगारी, सीप तथा क्षमता अभिवृद्धि आदिको व्यवस्था मिलाउने ।

(च) सचिवालय सञ्चालनको लागि आवश्यक हुने स्रोत साधनको व्यवस्था गर्ने र परिचालन गर्ने ।

१३. **<u>प्रदेश समन्वय समिति सचिवालयको काम, कर्तव्य र अधिकारः</u>**प्रदेश समन्वय समिति सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश समन्वय समितिको निर्णय र निर्देशन कार्यन्वयन गर्ने गराउने ।

(ख) यस कार्यविधि (विशेष गरी दफा ७) बमोजिम प्रदेश राजधानीको सडक बालबालिका सम्बन्धी कार्यहरू सञ्चालन गर्ने र प्रदेशका अन्य शहर तथा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजीकरण गर्ने ।

(ग) प्रदेशस्तरमा सडक बालबालिकाका लागि उपलब्ध सेवा,सुविधा र क्षमताको मापन गरी सोको अभिलेख राख्ने र एकप्रति परिषद्मा पठाउने ।

(घ) विशेष गरी प्रदेशस्तरमा राज्यबाट उपलब्ध हुन सक्ने स्रोत साधन परिचालन गरी सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने ।

(ङ) प्रदेशस्तरमा सरोकारवाला मन्त्रालय, निकाय,प्रदेश प्रहरी, स्थानीय तह र संघसंस्थाका बीच समन्वय तथा सहजीकरण गर्ने ।

(च) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धीसंघ र स्थानीय तहसँग सहकार्य तथा सहजीकरण गर्ने ।

(छ) सडक बालबालिकाको क्षेत्रमा कार्यरत निकाय तथा संघ संस्थाको क्षमता विकासमा सहयोग गरी गुणस्तरीय सेवा प्रवाहमा एकरुपता कायम गर्ने ।

(ज) विभिन्न निकाय, संघ संस्था र प्रदेशस्तरमा राज्यका सम्बधित सरोकारवालासँगसमेतसमन्वयगरीसडकबालबालिकासँगसम्बन्धितगतिविधिथपप्रभावकारीबनाउने।

(झ) प्रदेशस्तरमा सडक बालबालिका एकसंस्थाबाटअर्कोसंस्थामा सार्न तथा हस्तान्तरण गर्न वा अस्थायी संरक्षण सेवा केन्द्रबाट सामाजिकीकरण केन्द्र वा सामाजिकीरण केन्द्रबाट तालीममा पठाउन वा पारिवारिक पुनर्मिलन गर्न वा दीर्घकालीन बाल गृहमा पुनर्स्थापना गर्नसिफारिसगर्ने।

(ञ) सडक बालबालिकासम्बन्धी प्रादेशिक तथ्याङ्क विवरण सङ्कलन गर्ने, एकीकृत गरी अद्यावधिक गर्ने, विश्लेषण गर्ने, प्रतिवेदन तयार गर्ने रमन्त्रालय तथा परिषद्मा पेश गर्ने ।

(ट) सेवा प्रदायक संस्थाले मापदण्ड वा तोकिए बमोजिम कार्य गरे नगरेको, एक आपसमा सिफारिस गर्दा आइपरेका समस्या र सडक बालबालिकाको अवस्थामा सुधार भए नभएको र समग्र प्रदेशस्तरीय लक्ष्य अनुरुपको उपलब्धि तथा प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

१४. **सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन स्थानीय समन्वय समितिः**(१) सडक बालबालिका रहेका सम्बन्धित स्थानीय तहभित्रका सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य, सेवा तथा कार्यक्रम तर्जुमा,सञ्चालन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धित प्रदेश र संघीय निकायसँगको समन्वय र सहकार्यमा गर्न गराउनप्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमासम्बन्धित स्थानीय तहमा एकसडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन स्थानीय समन्वय समिति रहनेछ ।

(२) स्थानीय समन्वय समितिको सचिवालय सम्बन्धित स्थानीय तहको सामाजिक विकास महाशाखा वा शाखामा रहनेछ र प्रमुख प्रशासकीय अधिकृतले तोकेको बालबालिका हेर्ने महाशाखा/शाखा प्रमुख वा बाल कल्याण अधिकारी सचिवालय प्रमुख हुनेछ ।

(३) स्थानीय समन्वय समितिमा रहने अन्य सदस्य र बैठक सम्बन्धी कार्यविधि स्थानीय कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **स्थानीय समन्वय समितिको काम, कर्तव्य र अधिकारः**सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन स्थानीय समन्वय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक बालबालिकाको पहिचान, उद्धार र पुनर्स्थापनाको लागि प्रत्येक वडाको लगत सङ्कलन गर्ने, गराउने र सोको एकीकृत लगत राख्ने ।

(ख) अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका सडक बालबालिका समेतका लागि अस्थायी संरक्षण सेवा केन्द्र, सामाजिकीकरण केन्द्र, पुनर्स्थापना केन्द्र, बाल गृहको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने गराउने ।

(ग) सडक बालबालिकाका लागि सञ्चालनमा रहेका अस्थायी संरक्षण सेवा केन्द्र,सामाजिकीकरण केन्द्र, पुनर्स्थापना केन्द्रकोउपलब्ध सेवा,सुविधा र क्षमताको मापन गर्ने, गराउने तथा सोको अद्यावधिक अभिलेख राख्ने ।

(घ) राज्यबाट स्थानीय तहमा उपलब्ध हुन सक्ने स्रोत साधन परिचालन गरी

सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक स्रोत

तथा साधनको व्यवस्थापन गर्ने ।

(ङ) सरोकारवाला निकाय तथा संघसंस्थाका बीच समन्वय गरी सडकबालबालिकासँगसम्बन्धितगतिविधिथपप्रभावकारीबनाउने ।

(च) सडक बालबालिकाको क्षेत्रमा कार्यरत निकाय तथा संघ संस्थाको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाहमा एकरुपता कायम गर्ने ।

(छ) सेवा प्रदायक संघ संस्थाले मापदण्ड वा तोकिए बमोजिम कार्य गरे नगरेको, सडक बालबालिकाको अवस्थामा सुधार भए नभएको र समग्र लक्ष्य अनुरुपको उपलब्धि तथा प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ज) मापदण्ड वा तोकिए बमोजिम कार्य नगर्नेसेवा प्रदायक संघसंस्थालाई सुधारका लागि पृष्ठपोषण गर्ने वा समस्या समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने ।

(झ) सचिवालय सञ्चालनको लागि आवश्यक हुने स्रोत साधनको व्यवस्था गर्ने र परिचालन गर्ने ।

१६. **<u>स्थानीय समन्वय समिति सचिवालयको काम, कर्तव्य र अधिकार:</u>**स्थानीय समन्वय समिति सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय समन्वय समितिको निर्णय र निर्देशन कार्यन्वयन गर्ने गराउने ।

(ख) सडक बालबालिकाका लागि उपलब्ध सेवा,सुविधा र क्षमताको मापन गरी विवरण अद्यावधिक गर्ने ।

(ग) राज्यबाट स्थानीय तहमा उपलब्ध हुन सक्ने स्रोत साधन परिचालन गरी सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने ।

(घ) सरोकारवाला निकाय, स्थानीय तथा नगर प्रहरी र स्थानीय संघसंस्थाका बीच समन्वय तथा सहजीकरण गर्ने ।

(ङ) सडक बालबालिकाको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत निकाय तथा संघ संस्थाको क्षमता विकासमा सहयोग गरी गुणस्तरीय सेवा प्रवाहमा एकरुपता कायम गर्ने ।

(च) स्थानीय स्तरमा विभिन्न निकाय, संघ संस्था र सम्बधित सरोकारवालासँगसमेतसमन्वयगरीसडकबालबालिकासँगसम्बन्धितगतिविधिथपप्रभावकारीबनाउने।

(छ) स्थानीय स्तरमा सडक बालबालिका एकसंस्थाबाटअर्कोसंस्थामा सार्न तथा हस्तान्तरण गर्न वा अस्थायी संरक्षण सेवा केन्द्रबाट सामाजिकीकरण केन्द्र वा सामाजिकीरण केन्द्रबाट तालीममा पठाउन वा पारिवारिक पुनर्मिलन गर्न वा दीर्घकालीन बाल गृहमा पुनर्स्थापना गर्नसिफारिसगर्ने।

(ज) सडक बालबालिकासम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन गर्ने, एकीकृत गरी अद्यावधिक गर्ने, विश्लेषण गर्ने, प्रतिवेदन तयार गर्ने र सम्बन्धित प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्मा पेश गर्ने ।

(झ) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको लागि संघ तथाप्रदेशसँगसहकार्य तथा सहजीकरण गर्ने ।

(ञ) सेवा प्रदायक संस्थाले मापदण्ड वा तोकिए बमोजिम कार्य गरे नगरेको, एक आपसमा सिफारिस गर्दा आइपरेका समस्या र सडक बालबालिकाको अवस्थामा सुधार भए नभएको र समग्र लक्ष्य अनुरुपको उपलब्धि तथा प्रभावको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## परिच्छेद-४

## जिम्मेवार तथा सहयोगी निकाय र संस्था तथा सेवा केन्द्रको भूमिका

१७. **जिम्मेवार तथा सहयोगी निकाय र संस्था मानिने:**सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि संघ, संघीय राजधानी, प्रदेश, प्रदेश राजधानी र सम्बन्धित स्थानीय तहमा अनुसूची -१, २, ३, ४ र ५ बमोजिम रहेका निकाय र संस्थालाई जिम्मेवार तथा सहयोगी निकाय र संस्था मानिनेछ ।

१८. **जिम्मेवार निकाय रसंघ संस्थाले मुख्य भूमिका निर्वाहगर्नु पर्ने:**(१) दफा १७ बमोजिमका जिम्मेवार तथा सहयोगी निकाय र संस्थाहरू मध्येमन्त्रालय, परिषद्, नेपाल प्रहरी, प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश प्रहरी, प्रदेश बाल अधिकार समिति, सम्बन्धित स्थानीय तह, स्थानीय बाल अधिकार समिति, बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ नेपालले मुख्य जिम्मेवार निकाय र सबै सेवा प्रदायक संघ संस्थालेमुख्य जिम्मेवार संघ संस्थाको भूमिका निर्वाह गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिका जिम्मेवार निकाय र संघ संस्थाले प्रचलिन कानून र यस कार्यविधिमा अन्यत्र उल्लिखित दायित्व बाहेक दफा १९, २०, २१, २२, २३, २४, २५ र २६ बमोजिमको मुख्य भूमिका निर्वाह गर्नु पर्नेछ ।

१९. **<u>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको भूमिकाः</u>**मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि नीतिगत निर्णय, स्रोत विनियोजन, सञ्चालनको व्यवस्था गर्न तीनै तह, अन्तर मन्त्रालय तथा निकाय र स्थानीय तहसँगराष्ट्रिय समन्वय, सहयोग र सहकार्य विस्तार अभिवृद्धि गर्ने ।

(ख) संघीय राजधानी काठमाडौंको सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनको लागि प्रदेश नं. ३ को सामाजिक विकास मन्त्रालय र काठमाडौं उपत्यकाका सबै स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी वजेट तर्जुमा तथा कार्यान्वयन गर्ने।

(ग) कार्यक्रमको लागि वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गर्ने ।

(घ) समय समयमा सेवा प्रवाहको अनुगमन, मूल्याङ्कन गरी आवश्यक राष्ट्रिय नीति र कार्यक्रम निर्माण गर्ने ।

(ङ) सडक बालबालिका सम्बन्धी कार्यहरूको राष्ट्रिय संयोजन गर्ने।

(च) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन समेतका लागि बाल कोषको प्रयोग गर्ने ।

२०. **<u>राष्ट्रिय बाल अधिकार परिषद्को भूमिकाः</u>**परिषद्को भूमिका देहाय बमोजिम हुनेछः-

(क) सडक बालबालिका सम्बन्धी राष्ट्रिय समन्वय समितिको सचिवालय सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ख) संघीय राजधानी काठमाडौंको सडक बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन प्रदेश सामाजिक विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहको समन्वय तथा सहकार्यमा गर्ने र सोकोलागिआवश्यक हुने कर्मचारी व्यवस्थापन लगायतका सम्पूर्ण कार्यहरु मन्त्रालय समेतको मार्गदर्शनमा सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ग) सडक बालबालिका कार्यक्रमको मासिक, चौमासिक र वार्षिक राष्ट्रिय प्रतिवेदन तयार गर्ने।

(घ) सडक बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदनले दिएका सुझाव तथा सडक बालबालिकाको अवस्थामा सुधार गर्न सरोकारवालासँग समन्वय, सहयोग तथा सहजीकरण गर्ने।

(ङ) मन्त्रालयलाई वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(च) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन तीनै तहका सम्बन्धित सरोकारवाला निकाय तथा संस्थाका कर्मचारीहरुको क्षमता अभिवृद्धि तालीम सञ्चालन गर्ने।

(छ) सडक बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापनका लागि सरोकारवाला तिनै तहका सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था र नागरिक समाजसँगको समन्वय र सहयोगमा समेत स्रोत साधन जुटाउने र परिचालन गर्ने।

(ज) सडक बालबालिकालाई प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने र वार्षिक तथा आवधिक समीक्षा गर्ने।

२१. **नेपालप्रहरीको भूमिकाः**नेपाल प्रहरीको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सडक बालबालिकाको उद्धार कार्यमा जनशक्ति सहितको उद्धार भ्यान लागायतको स्रोत साधान परिचालन गर्ने व्यवस्था मिलाउने।

(ख) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनमा प्रदेश तथा जिल्ला स्थित रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका कर्मचारी तथा स्रोत साधनको सञ्चालन तथा परिचालनगर्ने ।

(ग) प्रदेश तथा जिल्ला स्थित सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य अभिवृद्धि गरी सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनर्मिलन तथा पुनर्स्थापना जस्ता कार्यहरुमा सहयोग गर्ने।

२२. **प्रदेश सामाजिक विकास मन्त्रालयको भूमिकाः** प्रदेश सामाजिक विकास मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्रका सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि नीतिगत निर्णय, स्रोत विनियोजन, सञ्चालनको व्यवस्था गर्न अन्तर मन्त्रालय तथा निकाय र स्थानीय तहसँग समन्वय, सहयोग र सहकार्य विस्तार अभिवृद्धि गर्ने ।

(ख) सम्बन्धित प्रदेश राजधानीको सडक बालबालिका पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने र सोको लागि प्रदेश राजधानीका सबै स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी वजेट तर्जुमा तथा कार्यान्वयन गर्ने।

(ग) कार्यक्रमको लागि वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।

(घ) समय समयमा सेवा प्रवाहको अनुगमन, मूल्याङ्कन गरी प्रदेशको आवश्यक नीति तथा कार्यक्रम परिमार्जन गर्ने ।

(ङ) सडक बालबालिका सम्बन्धी कार्यहरूको प्रादेशिक संयोजन गर्ने।

(च) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन समेतका लागि प्रदेश बाल कोषको प्रयोग गर्ने ।

(छ) सडक बालबालिका सम्बन्धी प्रदेश समन्वय समितिको सचिवालय सञ्चालन तथा व्यवस्थापन गर्ने ।

२३. **प्रदेशप्रहरीको भूमिका:**प्रदेश प्रहरीको भूमिका देहाय बमोजिम हुनेछः-

(क) प्रदेशस्तरमा सडक बालबालिकाको उद्धार कार्यमा जनशक्ति सहितको उद्धार भ्यान लागायतको स्रोत साधान परिचालन गर्ने व्यवस्था मिलाउने।

(ख) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनमा जिल्ला स्थित रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका कर्मचारी तथा स्रोत साधानको सञ्चालन तथा परिचालनगर्ने ।

(ग) जिल्ला स्थित सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य अभिवृद्धि गरी सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनर्मिलन तथा पुनर्स्थापना जस्ता कार्यहरुमा सहयोग गर्ने।

२४. **स्थानीय तहको भूमिका:**आफ्नो क्षेत्राधिकारभित्र रहेका स्थानमा सडक बालबालिका भएका सम्बन्धित स्थानीय तहले देहाय बमोजिमको भूमिका निर्वाह गर्नु पर्नेछः-

(क) सडक बालबालिकाको उद्धार र संरक्षणको लागि लगत सङ्कलन गर्ने, गराउने ।

(ख) सडक बालबालिका अस्थायी संरक्षण सेवा/सामाजिकीकरण/पुनर्स्थापनाकेन्द्रको स्थापना, सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने ।

(ग) सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण र व्यवस्थापन गर्ने र सो कार्यमा बाल कल्याण अधिकारी, बालबालिका महाशाखा/शाखाका कर्मचारी, सरोकारवाला अन्य निकाय तथा संस्थाका कर्मचारीको क्षमता अभिवृद्धि गरी समन्वयात्मक रूपमा परिचालन गर्ने ।

(घ) सडक बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था तथा बाल गृहसँग समन्वय, सहकार्य तथा सहयोग अभिवृद्धि गर्ने ।

(ङ) सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन समेतका लागि स्थानीय बाल कोषको प्रयोग गर्ने ।

(च) सडक बालबालिका सम्बन्धी स्थानीय समन्वय समितिको सचिवालय सञ्चालन तथा व्यवस्थापन गर्ने ।

२५. **बालबालिका खोजतलास नं. १०४ को भूमिका:** संघीय तहमा बालबालिका खोजतलास समन्वय केन्द्र, प्रादेशिक तहमा बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र र स्थानीय तहमा बालबालिका जिल्ला समन्वय केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाको समन्वयमा सडक बालबालिकाको उद्धार कार्यमा सहयोग गर्ने ।

(ख) सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थासँग समन्वय र सहकार्य गरी सडक बालबालिकाको संरक्षण, राहत, पुनर्मिलन तथा पुनर्स्थापना जस्ता कार्यहरुमा समेत सहयोग गर्ने।

२६. **सेवा प्रदायक संघ संस्थाको भूमिका:** सेवा प्रदायक संघ संस्थाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन मापदण्डमा तोकिए बमोजिम सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र र सडक बालबालिका सामाजिकीकरण केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ख) यस कार्यविधि बमोजिमको सेवा, सुविधा र सुधारका लागि विभिन्न उपायहरू अवलम्बन गरी प्राप्त स्रोत साधनको व्यवस्था तथा परिचालन गर्ने ।

(ग) सडकबाट उद्धार गरी अस्थायी संरक्षण सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्र, संस्था वा बाल गृहमा रहेका बालबालिकाको वैयक्तिक विवरण परिषद्ले निर्धारण गरे बमोजिमको ढाँचामा राख्ने र अद्यावधिक गर्ने ।

(घ) संघ, प्रदेश, स्थानीय तह, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससबाट प्राप्त र स्वयम् संस्थाबाट सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनमा भएको मासिक, चौमासिक र वार्षिक खर्च विवरणअलग अलग देखिने गरी लेखा राख्ने, सोको र वार्षिक लेखा परीक्षण विवरणसम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्मापेश गर्ने ।

(ङ) सडक बालबालिकाको पहिचान, उद्धार, संरक्षण, मनोविमर्श तथा पारिवारिक परामर्श सेवा, अस्थायी संरक्षण सेवा, सामाजिकीकरण केन्द्र सेवा, बाल गृह आश्रय, पारिवारिक पुनर्मिलन, सामाजिक वा संस्थागत पुनर्स्थापना, क्षमता तथा सीप अभिवृद्धि तालीम, शिक्षादीक्षा, आय-आर्जन अभिवृद्धिका लागि परिवारलाई गरिएको सहयोग, बालबालिकाले प्राप्त गरेको रोजगारी र संस्थाबाट गरिएको नियमित अनुगमन तथा पृष्ठपोषण सम्बन्धी मासिक, चौमासिक र वार्षिक प्रगित विवरण तोकिएको ढाँचामा सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्माप्रत्येक महिनाको २ गतेभित्र पेश गर्ने ।

(च) सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित सरोकारवाला निकाय तथा संस्थासँग समन्वय र सहकार्य गर्ने ।

(छ) उद्धार गरिएका सडक बालबालिकाको पारिवारिक पुनर्मिलन हुन नसक्ने अवस्था भई सम्बन्धित सचिवालयबाट वा बाल कल्याण अधिकारबाट दीर्घकालीन संरक्षणका लागि सिफारिस भै आएमा बाल

गृहमा राखी पालन पोषण, स्याहार सुसार, शिक्षादीक्षा तथा संरक्षणको आवश्यक व्यवस्था मिलाउने।

२७. **<u>सडक बालबालिकाअस्थायी संरक्षण सेवा केन्द्रको भूमिकाः</u>** (१)सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) उपयुक्तवातावरण प्रदान गरी सडकमा फर्कनबाट रोक्ने ।

(ख) बालबालिकाको शारीरिक र मानसिक अवस्था हेरी आवश्यकतानुसार आधारभूत सेवा सुविधा उपलब्ध गराउने ।

(ग) उद्धार गरिएका बालबालिका तथा उनीहरुको परिवारको सूचना संकलन गर्ने।

(घ) शारीरिक, मानसिक तथा शैक्षिक अवस्थाको जानकारी लिई बालबालिकाको अवस्थामा सकारात्मक सुधार ल्याउने ।

(ङ) बालबालिकाको अवस्थामा सकारात्मक सुधारको आधारमा सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने ।

(च) प्रत्येक बालबालिकाको पूर्ण विवरण तथा फोटो सहितको घटना अध्ययन विवरण, नियमित सुधारका लागि गरिएका दैनिक तथा साप्ताहिक कार्य तथा अभ्यासहरू सहितको विवरण तयार गर्ने र सकेसम्म चाँडो सडक बालबालिका सामाजिककीरण केन्द्रमा स्थानान्तरण गर्ने ।

(छ) बालबालिकालाई उचित आवासको व्यवस्था गर्ने तथा पोषण युक्त खानाको व्यवस्था गर्ने ।

**स्पष्टीकरणः**खाना बनाउने तथा सरसफाईमा सामाजिक कार्यकर्तासँगबालबालिकालाईपनिउमेर अनुसार संलग्नगराईबिस्तारैजिम्मेवारबनाउदैलगिने, खानाको र मनोविमर्श दिने तालिका देखिने गरी राख्नु पर्ने, खाना तालिका र कामको बाँडफाँडसम्बन्धीनिर्णयगर्दाउनीहरुकोसहभागितामाछलफलबाटगर्नेजसलेगर्दात्यसलाई लागू गर्न र काम गर्नमा बालबालिका जिम्मेवार बन्न मद्दत पुग्नेछ।

(ज) आवश्यकता हेरी बालबालिकामा प्रतिकूल असर नपर्ने गरी उनीहरुको सरसफाईमा विशेष ध्यान दिनुपर्ने ।

(झ) सामान्य घाउ चोटपटक लागेको वा बिरामी भएको वा औषधि उपचार गर्नुपर्ने अवस्था भएमा प्राथमिक उपचारको व्यवस्था गर्नुपर्ने । तर थप उपचारको आवश्यकता देखिएमा नजिकको सरकारी

तथा सामुदायिक अस्पताल वा स्वास्थ्य केन्द्रमा लगेर उपचार गराउनु पर्ने।

(ञ) बालबालिकाको उचित स्वास्थ्यको लागि निम्नकार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छः-

(१) सामान्य स्वास्थ्य परीक्षण ।

(२) रगत समूह जाँच, एचआईभी, यौनजन्य सरुवा रोग, हेपाटाइटिस जाँच ।

(३) दिसा, पिसाबको जाँच ।

(४) क्षयरोग तथा अन्य सरुवा रोग परीक्षण ।

(५) गम्भीर तथा घातक रोगहरूको परीक्षण ।

(ट) औपचारिक वा अनौपचारिक माध्यमबाट बालबालिकालाई शिक्षा प्रदान गरी कम्तीमा साक्षर बनाउने तथा उमेर र रुची अनुसार औपचारिक शिक्षाको लागि विद्यालय भर्ना गर्न वातावरण तयार गर्ने ।

(ठ) शारीरिक तथा मानसिक विकास हुने खालका सिर्जनात्मक गतिविधिहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

**स्पष्टीकरणः** योग तथा ध्यान गराउने, चित्र बनाउने, कथा लेख्ने तथा कथा भन्ने, नृत्य, गीत संगीत, कोठा भित्र खेलिने खेल, शब्दजाल, छलफल जस्ता चलचित्र, टि.भी. कार्यक्रममा सहभागी गराउने, रूचि अनुसारको खेलहरू फुटबल, तेक्वान्दो, करांते, क्रिकेट, टेबल टेनिस जस्ता खेल

दैनिक तालिका बनाई खेलाउनु पर्ने । तरत्यस्ता गतिविधिमा उनीहरुको इच्छा अनुसारको खेलमा सहभागी गराउनु पर्दछ र कुनै पनि गतिविधिका लागि जबरजस्ती गर्नु हुदैन, बरु बिकल्प दिनु राम्रो हुन्छ । साथै समय समयमा बाह्य भ्रमण गराउनु उपयुक्त हुने र उल्लिखित कार्यको दैनिक गतिविधिको तालिका समेत देखिने गरी राख्नुपर्ने।

(ड) सडक बालबालिकाको लागि साधारण मनोविमर्श सेवा उपलब्ध गराउने तर विशेष मनोविमर्श सेवा आवश्यक देखिएका बालबालिकालाई विशेष योग्यता प्राप्त मनोविमर्शकर्ताबाट सेवा उपलब्ध गराउने ।

(ढ) आश्रित बालबालिका भागेको खण्डमा नेपाल प्रहरी (१००), बालबालिका खोजतलास नं. (१०४), बालहेल्पलाइन नं. (१०९८)

तथा सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्मा सम्वन्धित संस्थाले तुरुन्त जानकारी दिने ।

(ण) भागेका बालबालिकाको खोजी गर्ने जिम्मेवारी सोही संस्थाको हुनेछ ।

(त) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्माबुझाउने ।

(थ) बालबालिकाको विवरण तोकिएको अनलाइन ढाँचामा नियमित अद्यावधिक गर्ने ।

(२) साना उमेरका र सडकमा आएका छोटो समय भएका बालबालिका पहिचान गरी लामो समयसम्म सडकमा रहेका तथा विभिन्न दुर्व्यसनको लत भएका बालबालिका भन्दा अलग राख्ने ।

(३) उद्धार गरिएका सडक बालबालिकाकोलेखाजोखा गरी आवश्यकता अनुसार लागू औषधमा अभ्यस्त तथा बानी परेकालाईलागू औषधउपचार तथा पुनर्स्थापना केन्द्रमा राख्ने ।

(४) उद्धार गरिएका सडक बालबालिकाको धुमपान तथा मध्यपानसेवन, लागूऔषधको लततथा अन्य कुनै हानिकारक व्यवहार छुटाउन आवश्यक थप व्यवस्था गर्ने ।

(५) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको अवस्थामा सुधार आएपछि सडक बालबालिका सामाजिकीकरणकेन्द्रमा सिफारिस गर्ने ।

(६) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन गर्ने संस्थाको आफ्नै सामाजिकीकरण केन्द्र नभएमा परिषद् वा प्रदेश सामाजिक विकास मन्त्रालय वा सम्वन्धित स्थानीय तहको समन्वयमा अन्य संस्थाबाट सञ्चालित सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने ।

(७) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिकाको अवस्थामा सुधार आएपछि सडक बालबालिका सामाजिकीकरण केन्द्रमा सिफारिस गर्नु नपर्ने देखिएका बालबालिकालाई परिवारमा पुनर्मिलनगर्ने।

(८) परिवार पत्ता नलागेमा दीर्घकालीन संरक्षणका लागि परिषद् वा प्रदेश सामाजिक विकास मन्त्रालय वा सम्बन्धित स्थानीय तह तथा बाल कल्याण अधिकारीको सिफारिसमा अन्तिम विकल्पको रूपमा बाल गृहमा पुनर्स्थापना गर्ने ।

२८. **<u>सडक बालबालिका सामाजिकीकरण केन्द्रको भूमिकाः</u>**(१)सडक बालबालिका सामाजिकीकरण केन्द्रको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सडकमा रहदा अपनाएका खराब लत पूर्ण रुपमा त्याग्ने अवस्था सिर्जना गर्ने ।

(ख) बालबालिकाको शारीरिक तथा मानसिक अवस्थामा सुधार ल्याउनेर सीप तथा क्षमता विकास गर्ने ।

(ग) उमेर अनुसार साक्षर बनाउने वा विद्यालय भर्ना गर्न तयारी गर्ने ।

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको सूचि र विभिन्न कारणले विद्यालय भर्ना हुन नसक्ने बालबालिकाको रूचि अनुसारको तालीमको नक्सांङ्कन गर्ने।

(ङ) सामाजिकीकरण भई तालीममा पठाउन योग्य भएका बालबालिकालाई सम्बन्धित तालीम केन्द्रमा पठाउने ।

(च) पारिवारिक पुनर्मिलन, समुदाय वा वैकल्पिक परिवारमा सामाजिक वा संस्थागत पुनर्स्थापनको लागि तयारी गर्ने ।

(छ) बालबालिकाको परिवारको खोजी, पहिचान र लेखाजोखा गर्ने ।

(ज) परिवारको समस्या पहिचान गरी समस्या समाधान गर्न सक्षम बनाउने ।

(झ) सडक बालबालिकाको निमित्त उनीहरुको परिवारमा रहने उचित वातावरण बनाउन सहयोग गर्ने ।

(ञ) सडक बालबालिका र परिवारका सदस्यहरु बीच आइपर्ने समस्या आपसी समन्वयमा समाधान गर्न सहयोग गर्ने ।

(ट) आश्रित बालबालिका भागेको खण्डमा नेपाल प्रहरी (१००), बालबालिका खोजतलास नं. (१०४), बालहेल्पलाइन नं. (१०९८) तथा सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्मा तुरुन्त जानकारी दिने ।

(ठ) भागेका बालबालिकाको खोजी गर्ने ।

(ड) सडक बालबालिका सामाजिकीरण केन्द्रमा रहेका बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विवरण सहित सुधारको अवस्था सम्बन्धी विवरणचौमासिक

र वार्षिक रुपमा सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्मा बुझाउने ।

(ढ) बालबालिकाको विवरण तोकिएको अनलाइन ढाँचामा नियमित अद्यावधिक गर्ने ।

(२) सडक बालबालिका सामाजिकीकरण केन्द्रमा रहेका बालबाललिकालाई शिक्षा, तालीम, मनोविमर्श, मनोसामाजिक उपचार र उनीहरुको क्षमता पहिचान सहित भविष्य सुनिश्चित गर्न सम्बन्धित संघ संस्थासँग सहयोगको लागि समन्वय गर्ने ।

## परिच्छेद-५

## सडक बालबालिकापहिचान, उद्धार, संरक्षण तथाव्यवस्थापनकार्यविधि

२९. **सडक बालबालिकाको पहिचान तथा लेखाजोखा गरी पूर्व जानकारी गर्नु पर्ने:**(१)सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थासँगको समन्वय तथा सहकार्यमापरिषद्ले संघीय राजधानीकाठमाडौं उपत्यकामा, प्रदेश सामाजिक विकास मन्त्रालयले प्रदेश राजधानी र स्थानीय तहले सम्बन्धित स्थानीय तहभित्र रहेका सडक बालबालिकाको बस्ने वा बस्न सक्ने सम्भावित स्थान तथा क्षेत्रहरूको संयुक्त वा एकल रूपमा पहिचान तथानक्साङ्कन गर्नु पर्नेछ ।

(२) पहिचान तथा नक्साङ्कन गरिएका सम्भावित स्थानहरूको स्थलगत भ्रमण तथा अवलोकन गरी अनुमानित सडक बालबालिकाको पहिचान तथा संख्या यकिन गरिनेछ ।

(३) बालबालिका सडकमा बस्नु हुँदैन, सडकमा बस्नु पर्दैन भन्ने मूल सन्देश सहितको सूचना तथा जानकारी  आम सञ्चार माध्यमबाट प्रचार प्रसार, प्रकासन तथा प्रसारण गरिनेछ ।

(४) कसैले सडक बालबालिका फेला पारेमा वा देखेमा निःशुल्क फोन नम्बरहरु नेपाल प्रहरीको १००, बालबालिका खोजतलासको १०४ र बाल हेल्पलाइनको १०९८ तथा तोकिएका निकाय तथा संघसंस्थामा सूचित गर्न सम्पर्क गर्ने टेलिफोन नम्बर सहितको सार्वजनिक सूचना सम्प्रेषण गरी सर्वसाधारणको सहभागिता र सहयोगका लागि अनुरोध गरिनेछ ।

३०. **सडक बालबालिकाको प्रारम्भिक तथा नियमितउद्धार र अनुगमनगर्नु पर्ने:**(१)सडक बालबालिका बस्ने तथा रहनेस्थानहरूमानेपाल प्रहरी, बालबालिका खोजतलास समन्वय केन्द्र, प्रदेश समन्वय केन्द्र र जिल्ला समन्वय केन्द्रद्वारा स्थानीय तह तथा सरकारी निकाय र सेवा

प्रदायक संघ संस्थाहरुको समन्वयमा दैनिक रुपमा सडक गल्लीको गस्ति गरी सडक बालबालिकालाई बालमैत्री ढंगमा उद्धारगरिनेछ ।

(२)नेपाल प्रहरी तथा प्रदेश प्रहरीको प्रत्येक ईलाका प्रहरी कार्यालय/प्रभाग/वृत्त/वडा तथा सम्बन्धितनिकायबाट शहरका सडक, मन्दिर, सार्वजनिक स्थान, भवन आदि क्षेत्रहरुमा नियमित गस्ती तथा अनुगमन गरिने छ र सडक बालबालिका फेला परेमा तत्काल उद्धार गरिनेछ ।

(३) उद्धार गरी छनौट गरिएकासडक बालबालिकालाईसेवा प्रदायक संघ संस्थाका सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषध पुनर्स्थापनामा बस्ने व्यवस्था गरिनेछ ।

(४) उद्धार गरिएका बालबालिकालाई पुनः सडकमा नआउने वातावरण सिर्जनागरिनेछ ।

(५) प्रहरी तथा सेवा प्रदायक संघ संस्थाहरुको समन्वयमा लामो तथा मध्यम दूरीमा चल्ने यातायातका साधनहरुको समेत नियमित अनुगमन गरी सडकमा आउन सक्ने सम्भावना तथा पहिचान भएका बेवारिस बालबालिकालाई रोकथाम तथा आवश्यकतानुसार व्यवस्थापन गरिनेछ ।

(६)उपदफा (३) बमोजिमका बालबालिकालाई पहिलो चरणमा अधिकतम तीन महिनासम्मका लागि मात्र सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागू औषधउपचार पुनर्स्थापना केन्द्रमा राखिनेछ ।

तर लागू औषध तथा दुर्व्यसनको लत छुटकरा गर्न अधिकतम छ महिनासम्म राख्न सकिनेछ ।

(७) उपदफा(६) बमोजिमभन्दा बढी अवधिका लागि राख्नु पर्ने भएमा परिषद् वा प्रदेश सामाजिक विकास मन्त्रालय वा सम्वन्धित स्थानीय तहको सहमति लिई मात्रथप अवधिराख्न सकिनेछ ।

(८)सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा लागूऔषध दुर्व्यसन उपचारपुनर्स्थापना केन्द्रबाट सिफारिस भई आएका सडक बालबालिकालाई सामान्यतया बढीमा अठार महिनासम्म सडक बालबालिका सामाजिकीकरण केन्द्रमा राखिनेछ ।

३१. **सडक बालबालिकाको पारिवारिक पुनर्मिलन वासमुदाय तथा वैकल्पिक परिवारमा सामाजिक वासंस्थागत पुनर्स्थापनागर्नु पर्नेः**(१)सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र रसडक बालबालिकासामाजिकीकरण केन्द्रमा रहेका बालबालिका र परिवारको अवस्था लेखाजोखा गरीउपयुक्त ठहरिएका बालबालिकालाई परिवारिमा पुनर्मिलन गरिनेछ।

(२)परिवारिमा पुनर्मिलन हुन नसकेका बालबालिकालाईसमुदाय वा वैकल्पिक परिवारमा सामाजिक तथा संघ संस्थागत पुनर्स्थापना गरिनेछ।

(३) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र र सडक बालबालिकासामाजिकीकरण केन्द्र सञ्चालन गर्ने संघ संस्थामा यस किसिमको स्रोत-साधन तथा कार्यक्रम नभएमा सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय वा परिषद्कोसमन्वय, सहयोग र सहकार्यमा पारिवारिक पुनर्मिलन, समुदाय वा वैकल्पिकपरिवारमा सामाजिक तथा संघ संस्थागत पुनर्स्थापना गरिनेछ।

(४) पारिवारिक पुनर्मिलन, समुदाय वा वैकल्पिक परिवारमा सामाजिक तथा संस्थागत पुनर्स्थापनामा काम गर्ने संघ-संस्थाहरूको सूची तथा सेवाहरूको नक्साङ्कन सम्बन्धी विवरण सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्मा नियमित अद्यावधिक गरी राखिनेछ।

(५) परिवार नभएका वा विविध कारणले पुनर्मिलन गराउन सकिने कुनै पनि सम्भावना नभएका बालबालिकालाई मात्र सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद् वा बालकल्याण अधिकारीको स्वीकृति लिई दीर्घकालीन संरक्षण तथा व्यवस्थापनका लागि बालगृहमा पुनर्स्थापना गरिनेछ ।

३२. **<u>पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापनाभएका बालबालिकाको दुई वर्षसम्म अनुगमन गर्नु पर्नेः</u>**(१) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र, सडक बालबालिका सामाजिकीकरण केन्द्र र बाल गृहले परिवारमा पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना भएका बालबालिकाको कम्तीमा दुई वर्षसम्म छ/छ महिनाको अन्तरमा नियमितआवधिक अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित बाल कल्याण अधिकारी, स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्लाई पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा पेश भएको अनुगमन प्रतिवेदन वा जिम्मेवार निकायको अनुगमनबाट बालबालिका र उनीहरुको परिवारमा आएको चेतना, ज्ञान र सक्षमता तथा आवश्यकताको आधारमाबाल कल्याण अधिकारीले अनुगमन अवधि बढीमा एक वर्षका लागि थप गर्न सक्नेछ ।

(३) सडक बालबालिका तथा उनीहरुको परिवारका लागि निरन्तर निगरानी राख्न सम्वन्धितसेवा प्रदायक संघ संस्थामा नै सामाजिक कार्यकर्ताको व्यवस्था गरिनेछ ।

(४) अनुगमनका क्रममा सडक बालबालिका वा उनीहरुको परिवारको आर्थिक अवस्थामा सुधार गर्नआवश्यकदेखि अनुगमनकर्ताबाट सिफारिसभई आएमा स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्लेसडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र, सडक बालबालिका सामाजिकीकरण केन्द्र र बाल गृहसँगको समन्वयमा पारिवारिक आर्थिक विकाससँगसम्बन्धितगतिविधिसञ्चालनगर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आर्थिक गतिविधिलाई आवश्यकतानुसारपरिवारलाईआत्मनिर्भरहुनआर्थिकविकास सहयोगगर्नेरपरिवारकासदस्यहरुकोशैक्षिकयोग्यतानुसारकोसीप तथा क्षमताविकासगरीआयआर्जनकोलागिदेहाय बमोजिमको सेवा तथाआर्थिक सहयोग रकमप्रोत्साहन स्वरूप राष्ट्रिय समन्वय समितिको सचिवालयले निर्धारण गरे बमोजिम उपलब्धगराइनेछः-

(क) १६ वर्ष पूरा गरेका सडक बालबालिका र ५० वर्ष ननाघेका उनीहरुका परिवारका सदस्यलाई आवश्यकता अनुसार उनीहरुकै शैक्षिक योग्यता, क्षमता, सीप तथा रूची अनुसार रोजगारको उपलब्धता हेरी स्वरोजगार मूलक तालीम ।

(ख) व्यवसायिक तालीम प्राप्त भए पछि नीजि क्षेत्र समेतको सहयोगमा उनीहरुलाई स्वरोजगार बनाउ समन्वय तथा सहयोग ।

(ग) लक्षित समूह र समूहको परिवारलाई सोही समूदायका अन्य परिवारहरुको समूह गठन गरी दैनिक बचत गर्ने व्यवस्था तथा आय आर्जनमा वृद्धि गर्न सहयोग ।

(घ) परिवार, समूहका सदस्यहरु वा समूहमा नरहेका सडक बालबालिकाकोपरिवारको आय आर्जन बृद्धि गर्न विभिन्न पेशा व्यवसाय सञ्चालन गर्न सहयोग ।

३३. **<u>प्राविधिक तथा सीपमूलक शिक्षामा सहभागी गराई रोजगारीका लागि समन्वय गर्नु पर्नेः</u>**(१) सरकारीतथागैरसरकारीस्तरमासञ्चालित रोजगार मूलक प्राविधिक तथा सीपमूलक शिक्षा, आय आर्जन तथा आर्थिक विकासकाविभिन्न कार्यक्रमहरुमा १६ वर्ष उमेर पुगेका बालबालिकालाई सहभागी गराउन आवश्यक समन्वय, सहजीकरण तथा सिफारिस गरिनेछ।

(२) उमेर, क्षमता र सम्भावना भएका बालबालिकालाई व्यवसायिक प्रतिष्ठानहरुमा समेत रोजगारीको अवसर सिर्जना गर्न नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर्श अफ कमर्स लगायतका व्यवसायिक संघसंस्था तथा संगठनहरुसँगमन्त्रालय, परिषद्, प्रदेश सामाजिक विकास मन्त्रालय तथा सम्बन्धित स्थानीय तहलेआवश्यकसमन्वय तथा सहजीकरणगर्नेछन्।

३४. **<u>नयाँ आगमनतत्काल सम्बोधन गर्नु पर्नेः</u>**(१)सडकमा बस्न नयाँबालबालिका आउन नदिन,सडकबाट परिवारमा पुनर्मिलन तथा सामाजिक वा संस्थागत पुनर्स्थापना भएका बालबालिका पुनःसडकमाआउनबाट रोकथाम गर्नका लागि बालबालिका आउने स्रोत तथा गन्तव्य स्थान दुवै ठाउँमा सतेचना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) सडक बालबालिकाको नयाँ आगमन रोकथाम तथा उनीहरुको व्यवस्थापनको लागि पहिलो चरणमा गन्तव्य स्थान र दोस्रो चरणमा स्रोत स्थान केन्द्रित भएर देहायका कार्यक्रम सञ्चालन गरिनेछनः–

(क) शहर तथा जिल्लाका सबै नाकाहरुमा प्रहरीबाट निगरानी गर्ने व्यवस्था गरिनेछ ।

(ख) कुनै पनि बालबालिका एक्लै शहर वा प्रदेश राजधानी वा काठमाडौं उपत्यकामा प्रवेश गर्दैछन् भने बालमैत्री ढंगले सोधपुछ गरीउद्धार, पहिचान समेतको विश्लेषण गरी पारिवारिक पुनर्मिलन गरिने वा अस्थायी संरक्षण सेवा केन्द्र वा बाल गृहमा पठाइनेछ ।

(ग) बाबुआमा वा अभिभावक वा परिवारसहितैसडकमा बसेका बालबालिका (जस्तै सुकुम्बासी र सडकपेटीमा अभिभावक सहित जीवनयापन गर्ने बालबालिका, जो सडक बालबालिकाका रुपमा आउने उच्च जोखिममा रहेका हुन्छन्, उनीहरुको) रोकथामका लागि त्यस्ता परिवार र बालबालिका बीच सचेतनामूलक कार्यक्रम सञ्चालन गरी बाबुआमा तथा अभिभावकलाई जिम्मेवार बनाइनेछ ।

(घ) सडकमा बालबालिका एक्लै अवस्थामा रहेको खबर प्राप्त हुनासाथ तत्काल सम्बोधन हुने गरी जिम्मेवार निकाय तथा सेवा प्रदायक संघसंस्थाले सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा लाने प्रबन्ध मिलाउनेछ । यसका लागि निश्चित संख्यामा सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रलाई तयारी हालतमा राखिनेछ।

३५. **<u>घटना व्यवस्थापन गर्नु पर्ने</u>:**(१) प्रत्येक बालबालिकाको घटनालाई उपयुक्त तवरले निरन्तर सहयोग गरी उनीहरुको अवस्थामा सुधार ल्याउन तोकिएको ढाँचा, प्रक्रियारउद्देश्यकोसाथघटनाव्यवस्थापनगरिनेछ।

(२)उपदफा (१) बमोजिमको कार्य गर्नकोनिमित्तशुरुवातदेखिअन्तिमसम्मकानिश्चितढाँचा र प्रक्रियागत विवरणतयारी तथा अद्यावधिक गरीकार्यान्वयनमाल्याइनेछ।

३६. **<u>सिफारिस वा समन्वय गरी सेवा प्रवाहगर्नु पर्ने</u>:**(१) सडकबालबालिकाकोउद्धार, संरक्षण, व्यवस्थापन सम्बन्धी कार्यक्रमको सेवा एउटै संस्थाबाट प्रदान गर्न नसकिने भएमा सो कार्यलाई अर्को संस्थालाई सिफारिस गरी व्यवस्थापन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमविभिन्न चरणको काम एउटा संस्थाले सञ्चालन गर्ने र सम्भव नभएको अर्को चरणको कामका लागि अर्को संस्थामा सिफारिस गर्दै घटना व्यवस्थापन प्रक्रियालाई पूर्णता दिइनेछ ।

(३) सिफारिस गर्नका लागि आवश्यक पर्ने न्यूनतम मापदण्ड निर्माण गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(४) सेवा प्रदायकसंघ संस्थाहरुलाई समान प्रक्रिया अनुरुप समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरी एकीकृत रूपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. **प्रतिवेदन पेश गर्नुपर्ने:**(१) सेवा प्रदायक संघ संस्थाले उद्धार गरी राखिएका बालबालिकाको फोटो सहितको पूर्ण विवरण भरी परिषद्ले तोकेको ढाँचामा अनलाइनमा राख्नु पर्नेछ र सोको प्रतिवेदन तयार पारी सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय रपरिषद्मा पठाउनु पर्नेछ ।

(२) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापनस्थानीय समन्वय समिति सचिवालयले सो तहभित्र सञ्चालित कार्यक्रमको मासिक, चौमासिक र वार्षिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन, सडक बालबालिकासम्बन्धी तथ्याङ्क एवम् सूचना सहितको प्रतिवेदन तयार गरीसम्बन्धित स्थानीय तह मार्फत प्रत्येक अर्को महिनाको २ गतेभित्रप्रदेश सामाजिक विकास मन्त्रालयर परिषद्मा पेश गर्नु पर्नेछ ।

(३) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन प्रदेश समन्वय समिति सचिवालयले प्राप्त प्रगति प्रतिवेदन, सङ्कलित तथ्याङ्क र सूचनालाई एकीकृत गरीजिल्लागत प्रतिवेदन सहितको प्रगति प्रतिवेदन तयार गरी प्रदेश सामाजिक विकास मन्त्रालय मार्फतपरिषद् र मन्त्रालयमा प्रत्येक अर्को महिनाको ४ गतेभित्र पेश गर्नु पर्नेछ ।

(४) सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन राष्ट्रिय समन्वय समिति सचिवालयले प्रदेशसामाजिक विकास मन्त्रालयबाट प्राप्त प्रगति प्रतिवेदन, सङ्कलित तथ्याङ्क र सूचनालाई प्रदेशगत एकीकृत प्रतिवेदन सहितको प्रतिवेदन तयार गरी प्रत्येक अर्को महिनाको ६ गतेभित्रमन्त्रालयमा पेश गर्नु पर्नेछ ।

३८. **चौमासिक र वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने थप विषयः** दफा ३७ मा पेश गरिने चौमासिक र वार्षिकप्रतिवेदमा देहायका विषय समेत समावेश गरी प्रतिवेदन तयार गर्नु पर्नेछः-

(क) प्रतिवेदनमा कार्यक्रम कार्यान्वयनमा आएका समस्या, समस्या समाधानका लागि भएका पहल र रचनात्मक सुझाव ।

(ख) जिम्मेवार निकाय तथा सेवा प्रदायक संघ संस्थाले कार्यक्रमको नियमित अनुगमन र सुपरीवेक्षण प्रत्येक महिनामा वा आवश्यकतानुसार गरी/गराई अनुगमन प्रतिवेदनमा

समस्या समाधानका लागि सम्बन्धित तह वा समन्वय समितिको बैठकमा छलफल गराई बैठकको निर्णयानुसार आवश्यक चालिएका कदम तथा प्रयासहरू।

(ग) सम्बन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्ले चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्दा सम्बन्धित सरोकारवाला निकाय तथा संस्था वा तहसँग गरिएको समन्वय, सहयोग, सहकार्यको कार्यन्वयन, सोबाट प्राप्त थप उपलब्धि, समस्या तथा समस्या समाधानको उपाय सहितको सुझाव।

३९. **समन्वय, सहयोग, सहकार्य तथा सह-अस्तित्वः** (१) उद्धार गरिएका सडक बालबालिकाको संरक्षण व्यवस्थापनका लागि नेपाल प्रहरी, प्रदेश प्रहरी लगायत सेवा प्रदायक संघ संस्था बीच सेवा सुविधा सहितको सूचना तथा जानकारी आदान प्रदान गरिनेछ ।

(२) जुनसुकै अवस्था तथा समयमा उद्धार गरी ल्याइएका सडक बालबालिका ग्रहण गर्न सक्ने गरी तयारी अवस्थामा रहन सेवा प्रदायक संघ संस्थाहरुलाई व्यवस्थापन गरिनेछ ।

(३) सेवा प्रदायक संघसंस्था र स्थानीय तहद्वारा उद्धार गरिएका बालबालिकाको संरक्षणका लागि सम्बन्धित स्थानीय तह र सेवा प्रदायक संघसंस्था बीच उपलब्ध सेवा सुविधा तथा सडक बालबालिकाको विषयमा जानकारी आदान प्रदान गरिनेछ।

(४) सेवा प्रदायक संघसंस्थाको समन्वय र सहयोगमा स्थानीय तहले सडक बालबालिकाको तथ्याङ्क अभिलेख राखी सोको विवरण अद्यावधिक गर्ने व्यवस्था मिलाइने छ ।

(५) कुनै बालबालिका आफ्नो संस्थामा आउनु पूर्व अर्को संस्थामा रहेको भए सोको विवरण लिन वा एक संस्थाबाट विविध कारणले अर्को संस्थामा सिफारिस गर्नुपर्ने अवस्था रहेमा वा स्रोत साधन आदान प्रदान गर्नुपर्ने भएमा परिषद् वा प्रदेश सामाजिक विकास मन्त्रालय वा सम्वन्धित स्थानीय तहको समन्वयमा गरिनेछ ।

(६) जिम्मेवार निकाय र संघ संस्थाबाट प्रवाह गरिने सेवा प्रवाह सुधार, कार्यक्रमको प्रभावकारी कार्यान्वयन लगायतका गतिविधिको अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण, क्षमता अभिवृद्धि सहयोगका लागि एक आपसमा जानकारी, समन्वय तथा सहजीकरणगरिनेछ ।

## परिच्छेद-६

## सेवा प्रदायक संघ संस्था छनौट, सूचीकरण, रोकथाम तथा सचेतना अभिवृद्धिकार्यविधि

४०. **भौतिक पूर्वाधार, सेवा सुविधा, क्षमता, स्रोत तथा साधानको लेखाजोखाः** (१) सडक बालबालिका उद्धार गरी अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र वा सामाजिकीरण केन्द्र वा बाल गृहमा पठाउने उद्देश्यका लागि सडक बालबालिकाको क्षेत्रमा काम गरिरहेका त्यस्ता गृह वा केन्द्र सञ्चालनगर्ने संस्थाहरुसँगविद्यमानरहेकोभौतिकपूर्वाधारकोअवस्था, उपलब्ध सेवा तथा सुविधा, क्षमता, स्रोत तथा साधनको विवरणपरिषद्ले तोकेको ढाँचामा तयार गरिनेछ ।

(२)उपदफा (१) बमोजिमको विवरण तयार गर्नका लागि कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धित सेवा प्रदायक संघ संस्थालाई जानकारी गराइने छ।

(३)उपदफा (२) बमोजिम प्रकाशन भएको सार्वजनिक सूचना तथा अन्य माध्यम समेतको जानकारीबाट सम्बन्धित इच्छुक सेवा प्रदायक संघ संस्थाले तोकिएको ढाँचामा समय सीमाभित्रै काठमाडौं उपत्यकाको हकमा परिषद्, प्रदेश राजधानीको हकमा सम्बन्धित प्रदेश सामाजिक मन्त्रालय र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय कार्यपालिकाको कार्यालयमा माग गरिएको विवरण पेश गर्नु पर्नेछ ।

(४) सेवा प्रदायक संघ संस्थाको राष्ट्रिय अभिलेख तथा सूचना विवरण एकीकृत रुपमा परिषद्मा रहनेछ ।

(६) परिषद्ले सडक बालबालिकाको क्षेत्रमा क्रियाशील संस्थाहरुको भौतिक पूर्वाधार,सेवा सुविधाकोअवस्था, उपलब्ध सेवा, क्षमता, स्रोत तथा साधनको विवरण र कार्यक्रम सहित सूचि तयार गरी त्यस्ता संस्थालाई सूचीकृत गर्नेछ र सोको जानकारी सम्बन्धित प्रदेश र स्थानीय तहलाई वार्षिक रूपमा उपलब्ध गराउने छ।

तर प्रदेश सामाजिक विकास मन्त्रालय वा स्थानीय तहले छुट्टै किसिमले समेत सूचीकृत गरी अद्यावधिक गर्न सक्नेछन् र सोको एकप्रति विवरण परिषद्मा समेत पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमसूचिकृत भई सहकार्य गर्न इच्छुक सेवा प्रदायक संघ संस्थाको अनुगमन तथा मूल्याङ्कन गरी तोकिएको मापदण्डको आधारमा सम्बन्धित सचिवालयको सिफारिसमा राष्ट्रिय समन्वय समितिले निर्णय गरी संस्था छनौट गरिनेछ ।

(८) उपदफा (७) बमोजिम छनौट भएका सेवा प्रदायक संघ संस्थासँगको समन्वय, सहयोग र सहकार्यमा सम्बन्धित सचिवालय प्रमुखलेकार्य सम्पादन सम्झौता गरी सेवाहरु सञ्चालन गरिनेछ ।

४१. **<u>सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने:</u>**(१)सडकमा बालबालिका बस्न नसक्ने अवस्था ल्याउनकालागि बालबालिका आउने मूल गाउँ-ठाउँलगायतकास्थानरसम्बन्धितव्यक्ति, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका र उनीहरुको परिवारका लागि सम्बन्धित स्थानीय तह समेतबाट बाल अधिकार सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(२)लामो तथा मध्यम दूरीका सार्वजनिक यातायातमा बालबालिका एक्लैले यात्रा गरिरहेका छन् भने बालमैत्री बोली व्यवहारमा सोधपुछ गरी आवश्यकतानुसार प्रहरीलाई खबर गर्न सम्बन्धित सबैलाई अनुरोध गरिनेछ ।

(३) सडक बालबालिका देखेमा बालबालिकाको तत्काल उद्धार तथा संरक्षणको लागि निःशुल्क टेलिफोन नम्बरहरू बालबालिका खोजतलास नं. १०४ वा बाल हेल्पलाइन नं. १०९८ वा नेपाल प्रहरीको १०० मा सम्पर्क गर्न गराउन सबैलाई आमसञ्चारका माध्यमबाट समेत जानकारी गराइनेछ ।

(४) सडक बालबालिकाको उद्धार गर्नु अगाडि सम्बन्धित सेवा प्रदायक संघसंस्थाका सामाजिक कार्यकर्ता, स्थानीय तह, बाल कल्याण अधिकारी र नेपाल प्रहरीद्वारा संयुक्त वा छुट्टाछुट्टै रुपमा सडकमा रहेका बालबालिकालाई सडकमा नबस्न तथाआफ्नै घर परिवारमा फर्कन वासडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्रमा जान उत्साहित गराउनुका साथै सडक बालबालिका व्यवस्थापन सम्बन्धी सरकारको कार्यक्रमका बारेमा सबैलाई जानकारी गराइनेछ ।

(५) तोकिएको मिति पछि सडकमा बालबालिका बस्न नपाइने स्पष्ट जानकारी सहितको सूचना कम्तीमा १५ दिनसम्म लगातार सार्वजनिक रूपमाराष्ट्रिय तथा स्थानीय आम सञ्चार माध्यम तथा परिपत्र मार्फत जानकारी गराइनेछ ।

४२. **<u>सम्बन्धित समन्वय समितिको सचिवालयले सेवा प्रदायक संघ संस्थालाई जानकारी गर्नुपर्ने:</u>**

(१) जिम्मेवार निकायले सडकबालबालिकाकालागिसमन्वयात्मकरुपमाकार्य तथा कार्यक्रम सञ्चालन गर्न यसकार्यविधिरउद्धारप्रक्रियाका बारेमासेवा प्रदायक संघ संस्थालाईसमय समयमा जानकारी गराउनु पर्नेछ ।

(२)सडक बालबालिकाका लागि सञ्चालन गरिने कार्यक्रमहरु यसै कार्यविधि अनुरुप कार्यान्वयनका लागि आवश्यक समन्वय र सहयोग गर्न अपिल/आव्हान गरिनेछ ।

(३)आफ्ना कुनै पनि गतिविधिबाट बालबालिकालाई सडकमा नै आश्रित रहन प्रोत्साहन गर्ने खालका क्रियाकलाप तथा कार्यक्रम सञ्चालन गर्न निषेध गरिनेछ र सोको जानकारी सार्वजनिक रूपमा आमसञ्चारका माध्यमबाट प्रसार प्रसार तथा प्रसारण र प्रकाशन गरिनेछ वा आवश्यक समन्वय बैठक गरिनेछ।

(४) सडक बालबालिकालाई सहयोग गर्न चाहने व्यक्ति वा संस्थाले सडक बालबालिकालाई उद्धार गरी सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र तथा सडक बालबालिका सामाजिकीकरण केन्द्र सञ्चालन गर्न, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना गर्न केन्द्रित रहने कार्यक्रम सञ्चालन गर्नमा प्रोत्साहन, समन्वय तथा सहयोग गरिनेछ ।

(५) सडक बालबालिकाको हक हितको नाममा बालबालिकालाई सडकमै रहन प्रोत्साहन गर्ने खालका देहाय बमोजिमका कार्यहरु गर्नबाट रोकथाम तथा नियन्त्रण गर्नआमसञ्चार माध्यमबाट जानकारी गराइनेछः-

(क) सडकमा नै खाना खुवाउने, कपडा बाँड्ने र स्वास्थ्य उपचार गर्ने, विभिन्न कक्षा सञ्चालन गर्ने तथा कुनै पनि विषयमा शिविर सञ्चालन गर्ने र कार्यक्रम समाप्ति पश्चात बालबालिकालाई सडकमा नै छाड्ने प्रकृतिका कार्यहरु ।

(ख) कुनै पनि अवसर, उपलक्ष्यको बहानामा बालबालिका जम्मा गरी सडकमै अथवा अन्यत्र लगी कार्यक्रम गर्ने र कार्यक्रम सकिए पश्चात् पुनः सडकमै छोडिदिने प्रकृतिका कार्यहरु ।

(ग) सडकमा रहेका बालबालिकालाई पैसा वा खाने कुरा दिने वा पैसा दिएर काममा लगाउने प्रकृतिका कार्यहरु ।

(घ) अन्य कुनै पनि प्रकारबाट सडकमा नै बसिरहेका कारण उपलब्ध गराइने सेवा र निश्चित सहयोग पश्चात पुनः सडकमा नै बस्नुपर्ने अवस्था सिर्जना हुने कुनै पनि सहयोग वा यस्तै कार्यक्रमहरु ।

(ङ) सडक बालबालिका प्रयोग गरी गैर कानूनी आर्थिक लाभ लिने वा अपराधिक क्रियाकलाप गराउने कार्यहरू ।

## परिच्छेद-७

## <u>सञ्चालन गर्नु पर्ने कार्यक्रम, कार्य तथा सेवाकोवर्गीकरण, मापदण्ड रसीमा सम्बन्धी कार्यविधि</u>

४३. **<u>राष्ट्रिय, प्रदेश र स्थानीय समन्वय समिति सचिवालयबाट सोझै सञ्चालन गर्न सकिने कार्य तथा सेवाको वर्गीकरण, मापदण्ड र सीमा:</u>**(१)दफा ७ को उपदफा (१) को खण्ड (क)देखि (च), खण्ड (ज), खण्ड (ञ) र खण्ड (ड)देखि (ध)सम्मका कार्यक्रम, कार्य तथा सेवाहरूसम्बन्धित राष्ट्रिय, प्रदेश र स्थानीय समन्वय समिति सचिवालयबाट सोझै सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएका सचिवालयबाट कार्यक्रम तथा सेवा सञ्चालन गर्न सम्भव नभएको भन्ने सम्बन्धित समन्वय समितिले निर्णय गरेमा मात्र सेवा प्रदायक संघ संस्थाबाट अनुदान रकम उलब्ध गराई वा नगराई सञ्चालन गर्न सकिनेछ ।

(३) दफा ७ को उपदफा (१) को खण्ड (ड) बमोजिमको रोजगारी मूलक प्राविधिक तथा व्यवसायिक सीप र क्षमता अभिवृद्धि तालीममा सहभागिता गराउन सम्बन्धित राष्ट्रिय, प्रदेश र स्थानीय समन्वय समिति सचिवालयले सेवा प्रदायक संघ संस्था वा अन्य व्यवसायिक संघ संस्थासँग समन्वय तथा सहकार्य वा कार्य सम्पादन सम्झौता गरी तालीम अवधिको लाग्ने आंशिक वा पूरा तालीम शुल्क भुक्तान गर्न सक्नेछ ।

(४) दफा७ को उपदफा (१) को खण्ड (ढ) बमोजिमको पारिवारिक आर्थिक विकास सहयोग गर्न सम्बन्धित राष्ट्रिय, प्रदेश र स्थानीय समन्वय समिति सचिवालयलेसोह्र (१६) वर्ष उमेर पुगेको सडक बालबालिका वा निजको बाबुआमा वा बाबु वा आमा वा संरक्षकसँग कार्य सम्पादन सम्झौता गरी व्यवसायको प्रकृति र आवश्यकताका आधारमा बढीमा ५० हजार रूपैयांसम्मको स्रोत साधन वा आर्थिक सहयोग रकम उपलब्ध गराउनसक्नेछ।

४४. **<u>सम्बन्धित सेवा प्रदायक संघ संस्थालाई सशर्त अनुदान दिईसञ्चालन गर्न सकिने कार्य तथा सेवाको वर्गीकरण, मापदण्डर सीमाः</u>**(१)दफा ७ को उपदफा (१) को खण्ड (छ), (झ), (ट) र (ठ) मा उल्लिखित कार्यक्रम, कार्य तथा सेवाहरू यस कार्यविधिमा तोकिएको मापदण्ड र प्रचलित नेपाल आर्थिक कानून बमोजिम सम्बन्धित समन्वय समिति सचिवालयले सम्बन्धित सेवा प्रदायक संघ संस्थासँग कार्य सम्पादन सम्झौता गरी आर्थिक अनुदान रकमउपलब्ध गराई सञ्चालन गर्नसक्नेछ ।

तर सम्बन्धित सेवा प्रदायक संघ संस्थाले आफ्नै वजेट रकमबाट आवश्यक सेवा तथा कार्यक्रम सञ्चालन गर्न सक्ने भएमा अनुदान रकम उपलब्ध गराउनु आवश्यक हुने छैन ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम सेवा प्रदायक संघ संस्थाले उपदफा (३) मा तोकिएको सीमाभित्र रही देहाय बमोजिमका कार्य तथासेवाहरुमा मात्र खर्च गर्न सक्नेछः-

(क) पालन पोषणका लागिः खाद्यान्न,तरकारी, फलफूल, लत्ताकपडा ।

(ख) स्वास्थ्य उपचारका लागिः सरकारी तथा सामुदायिक स्वास्थ्य प्रतिष्ठान र अस्पतामा लागेको चेक जांच र खरिद गरिएको बील अनुसारको औषधि उपचार खर्च वा स्वास्थ्य बीमा वापतको नियमानुसारको बीमा रकम ।

तर सरकारी स्वास्थ्य संस्थामा उपचार सम्भव नहुने भनी प्रचलित कानून बमोजिम अधिकार प्राप्त चिकित्सकको लिखित जानकारीका आधारमा सम्बन्धित समन्वय समितिको पूर्व स्वीकृति समेतमा नीजि स्वास्थ्य संस्थाबाट भएको उपचार खर्च भुक्तानी गर्न बाधा नपर्ने ।

(ग) मानसिक उपचार तथा मनोविमर्श सेवा शुल्क, मनोबल अभिवृद्धि मूलक तालीम शुल्क र नियमित मनो विमर्शकर्ता शुल्क ।

(घ) १४ वर्षमुनिका बालबालिका हेरचाह, स्याहार सुसार गर्ने कर्मचारी पारिश्रमिक खर्च तथा कुल घरभाडा खर्चको आधासम्म ।

(ङ) पारिवारिक लेखाजोखा, परामर्श, पुनर्मिलन र पुनर्स्थापना खर्च ।

(च) सामुदायिक विद्यालयमा अध्ययन गर्न लाग्ने शिक्षा सम्बन्धी खर्च र सत्प्रवचन तथा सत्संग सम्बन्धी लागेको कक्षागत शुल्क ।

(छ) मनोरञ्जन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन खर्च ।

(३)सम्बन्धित राष्ट्रिय, प्रदेश र स्थानीय समन्वय समिति सचिवालयबाट दफा ४४ को उपदफा(१) र (२)बमोजिमको कार्य तथा सेवासञ्चालन गर्न तोकिएको सेवा प्रदायक संघ संस्थाले देहाय बमोजिम निर्धारण गरिएको वजेट रकमको सीमाभित्र रही खर्चको बिल भरपाई पेश गर्नु पर्नेछः-

(क) आश्रित बालबालिकाको प्रमाणित हाजिरीको आधारमा आश्रय अवधि कायम गरी अनुदान रकम भुक्तान गरिनेछ ।

(ख) सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र वा सडक बालबालिका सामाजिकीकरण केन्द्र वा बाल गृह वा संस्थामा आश्रित लागू औषध तथा डेन्ड्राइडको लत नपरेका सडक बालबालिकाको लागि विगत वर्षमा मासिक प्रति बालबालिका रू.५,०००/-(पाँचहजार मात्र) का दरले उपलब्ध गराएको अनुदान रकमलाई आधार मानीराष्ट्रिय समन्वय समितिले निर्धारण गरे बमोजिम उपलव्ध गराइनेछ ।

(ग) लागू औषध तथा डेन्ड्राइडको लतभई लागू औषध पुनर्स्थापना केन्द्रमा आश्रित सडक बालबालिकाको लागिविगत वर्षमामासिक प्रति बालबालिकारू.८,०००/-(आठ हजार मात्र) का दरले उपलब्ध गराएको अनुदान रकमलाई आधार मानी राष्ट्रिय समन्वय समितिले निर्धारण गरे बमोजिम उपलव्ध गराइनेछ ।

(घ) खण्ढ (ख) र (ग) बमोजिम उपलब्ध गराइने मासिक वजेट रकमबाट त्यस्ता बालबालिकालाई उपलब्ध गराउनु पर्ने सेवा, सुविधा तथा कार्यहरू राष्ट्रिय समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) एक महिनाभन्दा घटिबढी दिनको हकमा खण्ड (ख) र (ग) मा तोकिएको मासिक अनुदान रकमको औसत दिनको हिसाव गरी भुक्तानी गरिनेछ ।

(च) बजार भाउ तथा महंगी बढेको आधारमा सम्बन्धित समन्वय समितिको निर्णयलेप्रत्येक अर्को आर्थिक वर्षमा खण्ड (ख) र (ग) बमोजिमको मासिक अनुदान रकममा बढीमा पाँच प्रतिशतसम्म वृद्धि गर्न सकिनेछ ।

## परिच्छेद-८
## लेखा, लेखा परीक्षण र विविध

४५. **लेखा र लेखापरीक्षण** (१) परिषद् वा मन्त्रालयबाट सोझै सञ्चालन हुने संघीय कार्यक्रमको हकमा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम लेखा राखी आन्तरिक र अन्तिम लेखा परीक्षण गरिनेछ ।

(२) सम्बन्धित प्रदेश र स्थानीय तहबाट सञ्चालित कार्यक्रमको हकमा सम्बन्धित प्रदेश र स्थानीय तहको प्रचलित लेखा प्रणालीमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) सम्बन्धित सेवा प्रदायकसंघ संस्थाले नै सडक बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरेकोहकमा नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई सहयोग गरिएको विवरण वार्षिक प्रतिवेदनमा खुलेको प्रतिलिपि विवरणसम्वन्धित स्थानीय तह, प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्माअर्को आर्थिक वर्षको असोज मसान्तसम्म पेशगर्नु पर्नेछ ।

(४) सेवा प्रदायक संघ संस्थाले जुन तहबाट वा निकायबाट सशर्त अनुदान रकम सहयोग प्राप्त गरी कार्यक्रम सञ्चालन गरेको हो सोको सक्कल स्रेस्ता तथा समग्र प्रगति विवरण सम्वन्धित स्थानीय तह वा प्रदेश सामाजिक मन्त्रालय वा परिषद्मा प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म पेश गर्नु पर्नेछ ।

४६. **मापदण्ड निर्धारण गरी लागू गर्न सक्ने:**बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रबन्ध गर्न मन्त्रालयबाट अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड नतोकिएसम्म यस कार्यविधि बमोजिम सञ्चालन गरिने सडक बालबालिका अस्थायी संरक्षण सेवा केन्द्र र सडक बालबालिका सामाजिकीकरण केन्द्रको मापदण्ड राष्ट्रिय समन्वय समिति सचिवालयले निर्धारण गरी लागू गर्न सक्नेछ ।

४७. **<u>व्याख्या गर्ने अधिकारः</u>** यस कार्यविधिमा भएको कुनै व्यवस्था अस्पष्ट भै व्याख्या गर्नु पर्ने भएमा राष्ट्रिय समन्वय समिति सचिवालयको सिफारिसमा अन्तिम व्याख्या गर्ने अधिकार मन्त्रालयको हुनेछ ।

४८. **<u>बाधा अड्काउ फुकाउनेः</u>**यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ । ।

४९. **<u>निर्देशन दिन सक्नेः</u>**सडक बालबालिकापहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा सेवा र यो कार्यविधि कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

५०. **<u>संशोधन गर्न सक्नेः</u>**यस कार्यविधिलाई आवश्यकतानुसार मन्त्रालयले संशोधन गर्नसक्नेछ ।

तर कार्यविधिकोकुनै अनुसूची थप घट तथा संशोधन गर्नु परेमा सचिवालयको परामर्शमा राष्ट्रिय समन्वय समितिलेसंशोधन गर्न सक्नेछ ।

५१. **<u>सबैको कर्तव्य हुनेः</u>** सडक बालबालिकाकोपहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापन र रोकथाम कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित तीनै तहका सरकारी निकाय तथा पदाधिकारी, गैरसरकारी संघसंस्था, बाल गृह, सञ्चार माध्यम, नागरिक समाज, सामाजिक कार्यकर्ता, समाज सेवी उद्योग व्यवसायी तथा व्यापारी, अभिभावक, शिक्षक, चिकित्सक, अधिवक्ता, राष्ट्र सेवक कर्मचारी लगायत सर्वसाधारण नागरिक सबैको कर्तव्य हुनेछ ।

## अनुसूची -१

(यस कार्यविधिको दफा १७ सँग सम्बन्धित)

**<u>संघमा रहने जिम्मेवार तथा सहयोगी निकाय र संस्थाः</u>**

(१) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,

(२) राष्ट्रिय बाल अधिकार परिषद्,

(३) गृह मन्त्रालय र नेपाल प्रहरी,

(४) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

(५) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

(६) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,

(७) समाज कल्याण परिषद्,

(८) नेपाल पर्यटन बोर्ड,

(९) राष्ट्रिय युवा परिषद्,

(१०) महिला तथा बालबालिका विभाग,

(११) बालबालिका खोजतलास नं. १०४(बालबालिका खोजतलास समन्वय केन्द्र, बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र, बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र एवम् सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र),

(१२) बाल हेल्पलाइन नं. १०९८ नेपाल,

(१३) सडक बालबालिकाको क्षेत्रमा क्रियाशील सामाजिक संस्थावा सेवा प्रदायकसंघ संस्था,

(१४) नेपाल उद्योग वाणिज्य संघ, नेपाल चेम्बर्स अफ कमर्श, अन्य व्यापारिक तथा व्यवसायिक संगठन तथा समाज सेवी व्यापारी र उद्योग व्यवसायी,

(१५) सञ्चार माध्यम ।

## अनुसूची -२

(यस कार्यविधिको दफा १७ सँग सम्बन्धित)

**संघीय राजधानी काठमाडौंमा रहने जिम्मेवार तथा सहयोगी निकाय र संस्थाः**

(१) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,

(२) राष्ट्रिय बाल अधिकार परिषद्,

(३) गृह मन्त्रालय र नेपाल/प्रदेश प्रहरी,

(४) प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्,

(५) अस्पताल तथा स्वास्थ्य प्रतिष्ठान

(६) सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ३

(७) काठमाडौं र ललितपुर महानगरपालिका सहित काठमाडौं उपत्यकाका सबै स्थानीय तहहरू,

(८) समाज कल्याण परिषद्,

(९) नेपाल पर्यटन बोर्ड,

(१०) महिला तथा बालबालिका विभाग,

(११) बालबालिका खोजतलास नं. १०४ (बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र, बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र एवम् सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र),

(१२) बाल हेल्पलाइन नं. १०९८ नेपाल,

(१३) राष्ट्रिय युवा परिषद्,

(१४) सडक बालबालिकाको क्षेत्रमा क्रियाशील सामाजिक संस्थावा सेवा प्रदायक संघ संस्था,

(१५) नेपाल उद्योग वाणिज्य संघ, नेपाल चेम्बर्स अफ कमर्श, अन्य व्यापारिक तथा व्यवसायिक संगठन तथासमाज सेवी व्यापारी र उद्योग व्यवसायी,

(१६) सञ्चार माध्यम ।

## अनुसूची -३

(यस कार्यविधिको दफा १७ सँग सम्बन्धित)

**प्रदेशमा रहने जिम्मेवार तथा सहयोगी निकाय र संस्थाः**

(१) सम्बन्धित प्रदेश सामाजिक विकास मन्त्रालय,

(२) सम्बन्धित प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश प्रहरी,

(३) प्रदेश बाल अधिकार समिति,

(४) प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् प्रदेश कार्यालय,

(५) प्रादेशिक अस्पताल तथा स्वास्थ्य प्रतिष्ठान

(६) बालबालिका खोजतलास नं. १०४(बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र, बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र एवम् सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र),

(७) बाल हेल्पलाइन नं. १०९८ नेपाल,

(८) सडक बालबालिकाको क्षेत्रमा क्रियाशील सामाजिक संस्थावा सेवा प्रदायक संघ संस्था,

(९) नेपाल उद्योग वाणिज्य संघ, नेपाल चेम्बर्स अफ कमर्शर सम्बन्धित व्यापारिक संगठन तथा उद्योग व्यवसायीको प्रदेश स्तरीय संगठन,

(१०) सञ्चार माध्यम।

## अनुसूची -४

(यस कार्यविधिको दफा १७ सँग सम्बन्धित)

**सम्बन्धित प्रदेश राजधानीमा रहने जिम्मेवार तथा सहयोगी निकाय र संस्थाः**

(१) सामाजिक विकास मन्त्रालय,

(२) आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश प्रहरी,

(३) प्रदेश बाल अधिकार समिति,

(४) प्रदेश राजधानीमा रहेका सबै स्थानीय तहहरू,

(५) प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् प्रदेश कार्यालय,

(६) प्रादेशिक अस्पताल तथा स्वास्थ्य प्रतिष्ठान

(७) बालबालिका खोजतलास नं. १०४(बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र, बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र एवम् सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र),

(८) बाल हेल्पलाइन नं. १०९८ नेपाल,

(९) सडक बालबालिकाको क्षेत्रमा क्रियाशील सामाजिक संस्थावा सेवा प्रदायक संघ संस्था,

(१०) नेपाल उद्योग वाणिज्य संघ, नेपाल चेम्बर्स अफ कमर्श र अन्य व्यापारिक संगठन तथा उद्योग व्यवसायीको प्रदेश स्तरीय संगठन,

(११) सञ्चार माध्यम।

## अनुसूची -५

(यस कार्यविधिको दफा १७ सँग सम्बन्धित)

**सम्बन्धित स्थानीय तहमा रहने जिम्मेवार तथा सहयोगी निकाय र संस्थाः**

(१) स्थानीय तह (कार्यपालिका, सभा र न्यायिक समिति),

(२) स्थानीय बाल अधिकार समिति,

(३) स्थानीय तथा नगर प्रहरी एवम् महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र।

(४) अस्पताल वा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी,

(५) बालबालिका खोजतलास नं. १०४(बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र र सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र),

(६) बाल हेल्पलाइन नं. १०९८ नेपाल,

(७) सडक बालबालिकाको क्षेत्रमा क्रियाशील सामाजिक संस्थावा सेवा प्रदायक संघ संस्था,

(८) विद्यालय,

(९) बाल क्लब तथा बाल सञ्जाल,

(१०) स्थानीय उद्योगी, व्यापारी तथा व्यवसायिक संगठन,

(११) सञ्चार माध्यम।